आज मिति २०८२ साल भाद्र महिनाको ११ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

१. अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
२. उपाध्यक्ष - श्री मिङमार ढोमा लामा
३. सदस्य - श्री खडग जंग गुरुङ
४. सदस्य - श्री मंगल देव गुरुङ
५. सदस्य - श्री विनोद लामा
६. सदस्य - श्री धावा छिरिङ लामा (का.वा. वडा अध्यक्ष)
७. सदस्य - श्री कैले गुरुङ
८. सदस्य - श्री दो पाल्मा लामा
९. सदस्य - श्री कान्छी गुरुङ
१०. सदस्य - श्री नविना परियार
११. सदस्य - श्री गम माया गुरुङ
१२. सदस्य - श्री गणेश घले
१३. सदस्य - श्री फूर्पा फिन्जो घले
१४. सदस्य सचिव- श्री विना देवी शर्मा

अन्य उपस्थितिहरु :

१. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
२. राम कुमार श्रेष्ठ प्रशासकीय अधिकृत, चामे गाउँपालिकाको कार्यालय
३. सुरेश कुमार शर्मा प्रशासन सहायक, चामे गाउँपालिकाको कार्यालय
४. डिल बहादुर गुरुङ, जनस्वास्थ्य अधिकृत चामे गाउँपालिकाको कार्यालय

**प्रस्तावहरुः**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समिक्षा सम्वन्धमा ।

२. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८२ निर्माण गर्ने सम्वन्धमा ।

३. आवसिय विधालय अनुदान कार्यविधी संशोधन सम्वन्धमा ।

४. कजिनसारा ताल जाने बाटो भिरमा मोटर बाटो निर्माण योजना सम्वन्धमा ।

५. चामे गाउँपालिकाको सेवा सुविधा खर्चको मापदण्ड २०८२ स्वीकृत तथा एकीकृत गर्ने सम्बन्धमा ।

६. कार्यालय प्रयोजनको लागी सवारी साधन (जिप) खरिद विधी सम्वन्धमा ।

७. दिनदयालु आधारभूत विधालयका शिक्षकहरुको व्यवस्थापन सम्वन्धमा ।

८. अध्ययन विदा सम्वन्धमा ।

९. विविध ।

**निर्णयहरु :**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वियन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ को सम्वन्धमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८(१) बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन यस चामे गाउँपालिकाले तयार गरेको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०८२ निर्माण गरि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ को सम्वन्धमा छलफल गर्दा चामे गाउँपालिकाको आवसीय अनुदानमा संचालित दुई वटा विधालयमा गाउँपालिकाले उपलब्ध गराएको रकम सम्वन्धमा लोकप्रिय मा. वि.को ४० लाख मध्ये १०० कोटा निर्धारण गरि प्रति विधार्थी रु.३००० (दश महिनाको) र गौरीशैकर आ. वीमा ५० कोटा निर्धारण गरि प्रति विधार्थी रु.३००० (दश महिनाको) आवासिय विधालय अनुदान तथा अन्य व्यवस्थापन भान्छे र चौकीदारको लागी समग्रमा लोकप्रीय स्कुललाई ४० लाख र गौरीशैकर स्कुललाई रु. २२ लाख विधालयले दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा यस पालिकामा हाल १ वटा मात्र सवारी साधन भएको र उक्त साधन पुरानो भै मर्मत खर्च बढी रहेको र पालिकाको योजना अनुगमन लगायत कार्यालयको प्रशासनीक कार्यलाई सहज वनाउने, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई १ वटा चार पाङ्ग्रे सवारी साधन आवश्यक भएकोले पालिकामा सवारी साधनमा विनियोजन भएको रकम बाट क्याटलग विधीबाट खरिद प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

५. दिनदयालु आधारभूत विधालयका शिक्षकहरुको व्यवस्थापन सम्बन्धमा छलफल गर्दा उक्त विधालयमा रहेका शिक्षकहरुलाई आफुले छनौट गरेका विधालयमा पठाउने र हाजिर नभएमा तलबभत्ता निकासा रोक्का गर्ने निर्णय गरियो ।

६.यस गाउँपालिकाको जनस्वनस्थ्य अधिकृत श्री डिल बहादुर गुरुङलाई चिकित्सा शिक्षा स्नातक तह BPH मा अध्ययन गर्नको लागी प्रवेश परिक्षा दिन स्वीकृत दिने निर्णय गरियो ।

७. यस चामे गाउँपालिका भित्र रहेका छाडा कुकुर र घरपालुवा कुकुरहरुलाई ACAP, Animal Nepal र चामे गाउँपालिकाको संयुक्त लगानीमा कुकुर बन्ध्याकरण गर्ने र चामे गाउँपालिकाले यस कार्यक्रमको लागी भैपरी शिर्षबाट रु. २ लाख विनियोजन गरि खर्च गर्ने निर्णय गरियो ।

८. यस पालिकामा गाउँपालिका स्तरीय फुटवल खेल मनाङ जिल्ला फुटबल संघले आयोजना गर्न लागेको खेल यहि भाद्र २७ गतेबाट चामे गा.पा.को वडा नं. १ तिमाङमा चामे गा.पा. बाट सहभागी हुन जाने खेलाडीहरुलाई बास बस्न, खानाको लागी रु. २ लाख ५० हजार गाउँपालिका स्तरिय खेलकुद कार्यक्रममा विनियोजन भएको रु.१० लाखबाट खर्च हुने गरि दिने निर्णय गरियो ।

९. यस मनाङ जिल्लाको एकमात्र हाई अल्टीच्यूड फुटवल ग्राउण्ड यस चामे गा.पा. वडा नं. १ मा मनाङ फुटवल संघले गाउँपालिका स्तरीय फुटवल कार्यक्रम संचालन गर्न गएको हुदाँ यस चामे गाउँपालिकाले मनाङ फुटवल संघलाई रु. ३ लाख रुपैया गाउँपालिका स्तरिय खेलकुद कार्यक्रममा विनियोजन भएको रु.१० लाखबाट खर्च हुने गरि दिने निर्णय गरियो ।

१०. चामे गाउँपालिका भित्र रहेको जिल्ला स्थित सुरक्षा निकायहरु तथा सरकारी कार्यालयहरुले समुदाय सहयोग कार्यक्रम (CSP) को बजेट मनाङ मस्याङदी हाइड्रोपावरलाई माग गरेको हुदाँ तपशिल अनुसार बजेट मागलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | कार्यालयको नाम | माग गरेको बजेट | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | रु. १० लाख | |

| | | | |
|---|---|---|---|
| २. | जिल्ला प्रहरी कार्यालय | रु. १० लाख | |
| ३. | ३२ नं. गुल्म सशत्र प्रहरी बल | रु. १० लाख | |
| ४. | नयाँ भैरवी दल गुल्म | रु. १० लाख | |
| ५. | नापी कार्यालय | रु. ५ लाख | |
| ६. | अन्तर पार्टी महिला संजाल मनाङ | रु.२ लाख ५० हजार | |
| ७. | गौरीशंकर आ.वि लाई कम्पाण्डीङ | रु.२० लाख | |

११. चामे गाउँपालिकाको आ.व. २०८२/०८३ मा प्रकाशित हुने विज्ञापनको सम्वन्धमा न्यूनत्तम मूल्याङ्कित रिभर एडभरटाइजिङ मार्फत सवैभन्दा न्यूनतम दररेट पेश गरेको प्रभाव राष्ट्रिय दैनिक र राष्ट्रव्यापी पहुँचको हिसावले तेस्रोमा रहेको नेपाल समाचार पत्रमा यस आ.व.०८२/०८३ का सम्पूर्ण सूचना तथा विज्ञापन दिने निर्णय गरियो ।

१२. यस चामे गाउँपालिका कार्यालयको डम्पीङ साइडको फोहोर छुटाउने प्रयोजनको लागी तथा त्यहाको सुरक्षा व्यवस्थापन गर्नको लागी त्यही बस्ने गरि एक जना सरसफाई गर्ने सहयोगी आवश्यक रहेकोले दैनिक ज्यालादारी रु.७०० चामे गाउँपालिका स्तरिय फोहोरमैला व्यवस्थापन कार्यक्रम बाट भुक्तानी गर्ने गरि काम लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

१३. यस पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन, संचालन नमुना कार्यविधी २०७८ को परिच्छेद २ (छ) बमोजिम तपशिल बमोजिम संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स. | नाम थर | पद | कार्यालय | मो न. | |
|---|---|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष/संयोजक | चामे गाउँपालिका | ९८५६०४९५३१ | |
| २ | श्री धावा छिरिङ लामा | मनोनित वडाध्यक्ष/सदस्य | चामे गाउँपालिका वडा नं. | | |
| ३. | श्री सुप्रिया पौड्याल | मनोनित/सदस्य | सेवा प्रदायक संस्था/ | | |
| ४ | श्री सविन श्रेष्ठ | मनोनित स्वास्थ्य क्षेत्रको अनुभव | | | |
| ५ | श्री रिङ्जेन साङ्मो लामा | मनोनित/ सदस्य | स्वास्थ्य स्वयं सेविका | | |
| ६ | श्री डिल बहादुर गुरुङ | स्वास्थ्य शाखा प्रमुख / सदस्य | चामे गाउँपालिका | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | श्री माधव प्रसाद लामिछाने | दर्ता अधिकारी/सदस्य | स्वास्थ्य बीमा मनाङ | | |
| ८ | श्री राम कुमार श्रेष्ठ | प्रशासकीय अधिकृत/ सदस्य सचिव | चामे गाउँपालिका | | |